# खोटेहाङ गाउँपालिकाको पूर्वाधार विकास तथा सेवा व्यवस्था नियमित र व्यवस्थित गर्ने विधेयक, २०७८

गाउँसभाबाट स्वीकृत मिति : २०७८/०३/१०

खोटेहाङ गाउँपालिका

खोटाङ जिल्ला

१ नं प्रदेश

प्रस्तावना: गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र निर्माण हुने पूर्वाधार, भवन निर्माण, वस्ती विकास तथा स्थानीय योजनालाई व्यवस्थित वनाउन, जलश्रोत तथा खानेपानीको दिगो व्यवस्थापन गर्न सार्वजनिक पूर्वाधार निर्माणमा निजी क्षेत्रलाई सहभागि गराउदै वातावरण अनुकुल विकास कार्यलाई गाउँपालिकाको कार्यपद्धतिको रुपमा स्थापित गर्न र प्रभावकारी अनुगमन व्यववस्था सहितको सार्वजनिक सेवालाई प्रभावकारी र बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम खोटेहाङ गाउपालिकाको गाउँ सभाले यो खोटेहाङ गाउँपालिकाको पूर्वाधार विकास तथा सेवा व्यवस्था नियमित र व्यवस्थित गर्ने ऐन २०७८ बनाएकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम खोटेहाङ गाउँपालिकाको खोटेहाङ गाउँपालिकाको पूर्वाधार विकास तथा सेवा व्यवस्था नियमित र व्यवस्थित गर्ने ऐन, २०७८ रहेको छ ।

(२) यो ऐन गाउँसभाबाट पारित भए पछि गाउँपालिका क्षेत्र भित्र तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "कार्यपालिका" भन्नाले खोटेहाङ गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्छ ।

(ख) "प्रमुख" भन्नाले गाउपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले खोटेहाङ गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(घ) "पूर्वाधार सुपरीवेक्षण तथा अनुगमन समिति" भन्नाले दफा १६ बमोजिम गठित पूर्वाधार सुपरीवेक्षण तथा अनुगमन समिति सम्झनुपर्छ ।

(ङ) "राष्ट्रिय राजमार्ग" भन्नाले गाउँपालिकाको क्षेत्रभित्र जोडिएको नेपाल सरकारले निर्माण गरेको राष्ट्रिय सडकलाई सम्झनुपर्छ ।

(च) "प्रादेशिक सडक" भन्नाले गाउँपालिकाको क्षेत्रभित्र निर्माण भएको प्रदेश सरकारको मातहतको सडकलाई सम्झनुपर्छ ।

(छ) "पालिका स्तरीय सडक" भन्नाले एक गाउँपालिकाबाट अर्को गाउँपालिका वा नगरपालिकालाई जोड्ने सडकलाई सम्झनुपर्छ

(ज) "वडा स्तरीय सडक" भन्नाले एक वडाबाट अर्को वडा जोड्ने सडकलाई सम्झनुपर्छ

(झ) "बजारी सडक" भन्नाले बजार भित्रका सडक भन्ने बुझिन्छ र सो शब्दले गाउँपालिकद्वारा चार किल्ला तोकी बजारी सडक नामाकरण गरी निर्णय गरेको सडक समेतलाई सम्झनुपर्छ ।

(ञ) "सहायक सडक" भन्नाले मूख्य सडकबाट वस्ति तथा टोलसम्म जाने १ किलो मिटर सम्मको सडकलाई सम्झनुपर्छ ।

(ट) "टोलस्तरीय सडक" भन्नाले वडा भित्रका एक वस्तिवाट अर्को वस्ति सम्म पुग्ने सडकलाई सम्झनुपर्छ ।

(ठ) "गोरेटो बाटो" भन्नाले परम्परागत रुपमा प्रयोग गर्ने नक्सामा भएको बाटो र परम्परागत रुपमा हिड्ने गोरेटोको वा नक्सामा नभएको गोरेटो बाटोलाई सम्झनुपर्छ ।

(ड) "सडक सिमा" भन्नाले गाउँ सडकको चौडाईलाई सम्झनुपर्छ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

ढ) "सडकको क्षेत्राधिकार" भन्नाले सडकको स्वामित्व भएको भूभागलाई सम्झनुपर्छ ।

ण) "फासल" भन्नाले (सेड व्याक) सडकको किनाराबाट छोडिने जग्गालाई सम्झनुपर्छ ।

त) "जलश्रोत" भन्नाले गाउँपालिका क्षेत्रभित्रको भू सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनुपर्छ ।

थ) "प्राकृतिक श्रोत" भन्नाले पानी ढुङ्गा वालुवा जंगल खानी जस्ता प्रकृतिले दिएको श्रोतलाई सम्झनुपर्छ ।

द) "धार्मिक तथा सांस्कृतिक क्षेत्रको सडक" भन्नाले मूल सडक देखि धार्मिक तथा सांस्कृतिक क्षेत्रसम्मको पहुँच मार्गलाई सम्झनुपर्छ ।

ध) "महसुल निर्धारण समिति" भन्नाले दफा ११ बमोजिमको खानेपानी तथा सिँचाई शुल्क निर्धारण समिति सम्झनुपर्छ ।

न) "कुलो तथा नहर" भन्नाले नक्सामा भएको र परम्परागत रुपमा चलिरहेको पानी वग्ने कुलो तथा नहर सम्झनुपर्छ ।

प) "खोला तथा खोल्सी" भन्नाले सार्वजनिक रुपमा नियमित तथा वर्षायाममा पानी वग्ने स्थानलाई सम्झनुपर्छ ।

फ) "तोकिएको वा तोकिए" बमोजिम भन्नाले यस ऐन तथा यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकीए बमोजिम सम्झनुपर्छ ।

## परिच्छेद २

## सडक क्षेत्रको वर्गिकरण क्षेत्राधिकार

३. **सडकको क्षेत्राधिकारः** (१) गाउँपालिका क्षेत्र भित्र सडकको क्षेत्राधिकार देहाय बमोजिम हुनेछ ।

(क) शहरी सडकको क्षेत्राधिकार ६ मिटर चौडा हुनेछ, घना बस्ती क्षेत्रको हकमा ४ मिटर चौडा हुनेछ। ।

(ख) गाउँ स्तरीय सडकको क्षेत्राधिकार ८ मिटर चौडा हुनेछ ।

(ग) वडास्तरीय सडकको क्षेत्राधिकार ६ मिटर चौडा हुनेछ ।

(घ) वस्ति स्तरीय सडकको क्षेत्राधिकार ४ मिटरको हुनेछ ।

(ङ) गोरेटेबाटो मानिस र चौपाय हिड्ने वस्तीबाट वा वस्ती सडक सम्म जोडीने अधिकतम १ किलोमिटर लम्बाईका सडकलाई गोरेटो वाटो मानी यसको चौडाई एक मिटरको हुनेछ ।

(२) उपदफा (१) बमोजिमका सडकको घुम्ती तथा मोडमा ठूला सवारी साधनको आवागमन समेतलाई मध्यनजर गरी निर्धारीत चौडाई भन्दा ४० प्रतिशत भन्दा वढी हुने गरी निर्माण गर्नु पर्नेछ ।

४. **सडकको फासलः (सेटव्याक)** (१) गाउँपालिका क्षेत्रभित्रको सडकको फासल (सेट व्याक) देहाय बमोजिम हुनेछ ।

(क) शहरी सडकको फासल २ मिटर हुनेछ ।

(ख) गाउँ स्तरीय सडकको फासल २ मिटर हुनेछ ।

(ग) वडास्तरीय सडकको फासल १.५ मिटर हुनेछ ।

(घ) वस्ति स्तरीय सडकको फासल १.५ मिटर हुनेछ ।

(ङ) गोरेटो बाटोको फासल १.५ मिटर हुनेछ ।

(२) खोला र खोल्सीको फासल प्राकृतिक बहावबाट देहाय बमोजिम हुनेछ ।
(क) मुख्य खोला ३० मिटर
(ख) ठाडो खोला १० मिटर
(ग) कुलो वा खोल्सी ५ मिटर
(घ) विद्युतको हाईटेन्सन लाईन: केन्द्र विन्दुबाट १० मिटर
(ङ) नेपाल सरकार र प्रदेश सरकारले निर्माण गरेको सडकको फासल सम्वन्धित सरकारले तोके बमोजिम हुनेछ ।
(४) गाउँपालिकाले निर्माण गरेको सवै प्रकारका सडकहरु र प्रादेशिक एवं राष्ट्रिय राजमार्गमा व्यक्ति वा संघ संस्थाहरुले कुनै प्रकारको भौतिक संरचना निर्माण गर्दा यो ऐनमा उल्लेख गरिएको फासल बाहेक दायाँबायाँ छज्जा राख्न चाहेमा छज्जा वरावरको थप फासल छोड्नु पर्नेछ ।

## परिच्छेद ३
## भवन निर्माण तथा शहरी विकास सम्वन्धी कार्यहरु

**५. स्वीकृति नलिई संरचना निर्माण तथा विकास कार्य गर्न नहुने:** (१) गाउँपालिकाको वजार क्षेत्रभित्र व्यवस्थित सुरक्षित र योजनावद्ध विकासको लागि कसैले पनि गाउँपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउन पूरानो भनव भत्काई पुनः निर्माण गर्न तला थप गर्न मोहोडा फेर्न वा साविकको भवनमा झ्याल ढोका बार्दली कौशी दलान आदी थपघट गरी बनाउन वा सो सँग सम्वन्धीत कार्य गर्न गराउन हुँदैन् ।

(२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिकाले आवश्यक भवन निर्माण सम्वन्धी आवश्यक निर्देशिका कार्यविधि मापदण्ड तयार गरी लागू गन सक्नेछ ।

**६. भवनको दर्ता:** गाउँपालिकाको बजार क्षेत्रभित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिए बमोजिम दर्ता गराई अभिलेख तयार गरिनेछ ।

**७. भवनको डिजाइन तथा नक्सा स्वीकृति सम्वन्धी व्यवस्था:** (१) गाउँपालिकाको बजार क्षेत्रभित्र भवन निर्माण गर्न चाहाने व्यक्ति संघसंस्था वा सरकारी निकायले भवन निर्माण गर्न गाउँपालिकाले तयार गरेको कानून र भवन निर्माण संहिता अनुसार स्वीकृतिको लागि गाउँपालिका सक्षम दरखास्त दिदा नक्सासाथ डिजाइन समेत पेश गर्नु पर्नेछ ।

(२) भवन निर्माण गर्दा आवासीय भवनको हकमा २५० वर्ग मिटरसम्मको भवन वनाउदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्नेछ । सरकारी अर्ध सरकारी तथा व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्नेछ ।

**८. बस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्वन्धी मापदण्ड:** (१) कार्यपालिकाले गाउँपालिकाको क्षेत्रभित्र बस्ती विकास शहरी विकास योजना स्मार्ट भिलेज तथा भवन निर्माण सम्वन्धी छुट्टै कार्यविधि मापदण्ड तथा वनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको आधारमा गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति समुदाय संघ संस्था वा निकायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा विकास गरी विक्रि गर्ने उदेश्येले बस्ती

विकासको काम वा परियोजना सञ्चालन गर्न चाहेमा वस्ती विकासको विस्तृत कार्य योजना सहित अनुमतिको लागि गाउँपालिकामा निवेदन गर्नु पर्नेछ ।

(३) निर्माण हुने भवनहरुको वरिपरी दफा ४ बमोजिमको क्षेत्र वाहेक अन्य क्षेत्रमा निम्न अनुसार खुल्ला क्षेत्र छोड्नु पर्नेछ ।

(क) आवासीय भवनः १ मिटर

(ख) व्यापारिक र व्यवसायीक भवनः २ मिटर

(ग) शैक्षिक भवनः ३ मिटर

(घ) संस्थागत भवनः ३ मिटर

(ङ) सभा सम्मेलन र सामूदायीक भेवा भवनः ६ मिटर

(च) औद्यौगिक भवन १६ मिटर

(छ) पेट्रोल पम्प ९ मिटर

(४) यो ऐन पारित हुनु अघि निर्माण भईसकेको पुराना भवनहरुको हकमा देहायको अवस्थामा गाउँपालिकाले तल्ला थप गर्न अनुमति प्रदान गर्न सक्नेछ ।

(क) निर्माण भई सकेका भवन निर्माण गर्दा भयन निर्माण संहिताको पालना भएको

(ख) सडकको क्षेत्राधिकार र फासल छोडेर निर्माण भएको

(ग) प्राविधिक जाँच गर्दा तल्ला थप गर्न उपयुक्त देखिने प्रतिवेदन पेश भएको

(५) उपदफा (४) बमोजिम पूराना भवनमा तल्ला थपको अनुमति सम्वन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(६) गाउपालिका क्षेत्रभित्र निर्माण गरिने अस्थायी संरचना हरेक दुई वर्षमा नविकरण गरी अभिलेखिकरण गर्न सकिनेछ ।

**९. निर्माण कार्य गर्न निषेध गरिनेः** (१) गाउँपालिकाको बजार क्षेत्रभित्र निजी सामूदायीक वा संस्थागत रुपमा कुनै निर्माण कार्य गर्नु गराउनु पर्दाको अवस्थामा देहाय बमोजिमको प्रकृया पूरा नगरी गरेमा त्यस्तो कार्य गर्न गराउन नपाउने गरी निषेध गरीनेछ ।

(क) नक्सापास नगरी कच्ची वा पक्की तथा स्थायी वा अस्थायी प्रकृतिको कुनै संरचना बनाउन,

(ख) स्वीकृत नक्सा भन्दा फरक पारी तला छत भर्याङ बलेनी सटर आदी समेतको संरचना निर्माण गर्न,

(ग) मूल सडकबाट शाखा सडकको ट्र्याक खोल्दा पानीको निकास वा नाला अवरोध गर्न,

(घ) स्वीकृति नलिई कुनै पनि सडकको नयाँ ट्याक खोल्न,

(ङ) स्वीकृत वेगर सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गर्न,

(च) अनुमति बेगर पक्की सडक र ग्राभेल सडकको दायाँ बायाँ घडेरी निर्माण गर्न वा अन्य जुनसुकै प्रयोजनको लागि जग्गा खार्न वा सम्याउन,

(छ) आफ्नो घर कम्पाउण्ड पसल वा व्यवसाय अगाडी सार्वजनिक जग्गा वा बाटोको क्षेत्रधिकार रहेको क्षेत्रमा कुनै पनि प्रकारको निर्माण सामग्री वा व्यवसायीक वा अन्य जुनसुकै प्रकारको सामग्री राख्न,

(ज) सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना निर्माण गर्न,

(झ) कार्यालयबाट अनुमति नलिई खोला र सडकको किनारा छेउबाट ढुङ्गा गिट्टी बालुवा माटो उत्खनन गर्न

(ञ) सार्वजनिक पूर्वाधारलाई नोक्सान पुग्ने गरी सार्वजनिक वा निजी जग्गामा रहेको बोट विरुवा वा रुख कटान गर्न

(ट) दफा (४) को खण्ड (ज) बमोजिम प्रतिकुल हुने गरी विद्युत पोल विस्तार गर्न,

(ठ) सडकमा वनेको स्थायी संरचनाको स्वरुपलाई परिवर्तन गर्ने गरी ढले, नाली निर्माण वा अन्य कुनै कार्य गर्न,

(ड) भौगोलिक सर्वेक्षण वा वातावरणी परीक्षण गरी गर्नु पर्ने कार्य सो नगरी सो कार्य नगरी संचालन गर्न ।

(ढ) सडकको भार वहन क्षमतालाई असर पर्ने गरि अत्याधिक भार सहितका सवारी साधन संचालन गर्न ।

(२) कसैलाई कुनै कामकोलागि सार्वजनिक सडक वा सडक सिमा खन्नु वा भत्काउनु परेमा गाउँपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ । यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने, नपर्ने जाँचबुझ गरी खन्दा भत्काउदा र त्यस्तो संरचनालाई पूर्ववत अवस्थामा ल्याउदा वा मर्मत सम्भार गर्दा लाग्ने रकम वरावर सम्वन्धित सरोकारवालाबाट अग्रिम असुल गरेर गाउँकार्यापालिकाले भत्काउन वा खन्न स्वीकृति प्रदान गर्न सक्नेछ ।

(३) पहिले देखि चलि आएको कुनै सकडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँवाया थप जग्गा लिनु परेमा प्रचलित कानून बमोजिम हुनेछ ।

(४) उपदफा (१) को खण्ड (च) बमोजिम कार्यालयको अनुमति लिदा प्राविधिकको निरीक्षण प्रतिवेदन बमोजिम तोकिए बमोजिम धरौटी समेत राखु पर्नेछ ।

## परिच्छेद ४
## स्थानीय खानेपानी तथा सिंचाई सम्वन्धी व्यवस्था

**१०. खानेपानी बोर्ड गठन गर्न सक्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रमा खानेपानी सेवा नियमित व्यवस्थित र सुलभ बनाई भरपर्दो र दिगो सेवा प्रदान गर्न गराउन गाउँ तहमा खानेपानी बोर्डको स्थापना गर्न सक्नेछ ।

(२) नेपाल सरकार सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई संचालनमा रहेको एक भन्दा वढी खानेपानी आयोजना मार्फत १५० भन्दा वढी घर धुरीलाई खानेपानी स्वा प्रवाह गरीरहेका संस्थानहरु एकीकरण वा सम्मिलन भई स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछ ।

(३) उपदफा (२) को प्रयोजनकोलागि एक भन्दा वढी उपभोक्ता संस्थाहरुले त्यस्तो बोर्ड गठनको लागि गाउँपालिका समक्ष देहायको विवरण सहित आवेदन पेश गर्न सक्नेछ ।

(क) खानेपानी सेवा संचालन तथा व्यवस्थापन गरीने भौगोलिक क्षेत्र,

(ख) सेवा संचालन तथा व्यवस्थापन गरिने क्षेत्रभित्र रहेको खानेपानीको परिणाम,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा संचालन गर्नकोलागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा संचालन व्यवस्थापन सोको मर्मत सम्भार तथा सुधार वा सेवा विस्तारको लागि तयार गरीएको दीर्घकालिन योजना,



... राई
गाउँपालिका अध्यक्ष

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्थामार्फत सेवा संचालन गराउने हो सो सम्बन्धी व्यहोरा,
(छ) कुनै सरकारी निकायले संचालन गरीरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा संचालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आवद्ध सम्पती तथा दायीत्व,
(ज) संचालन तथा व्यवस्थापनका प्रस्तावित प्रमणाली,
(४) उपदफा (३) बमोजिम परेको निवेदन उपर जाँचबुझ गर्दा त्यस्तो बोर्ड गठन गर्न आवश्यक देखिएमा गाउँपालिकाले बोर्ड गठन गर्न सक्नेछ ।
(५) बोर्ड अविच्छिन्न उत्तराधिकारकाला स्वाशासित संगठित संस्था हुनेछ ।
(६) बोर्डले खानेपानी आयोजनाको निर्माण विस्तार मर्मत सम्भार महसुल असुली कार्यालय व्यवस्थापन सम्वन्धीको तोकिए बमोजिमको आवश्यक काम गर्नेछ ।
(७) उपदफा (२) र (३) बमोजिम बोर्ड गठन गर्न तोकिए बमोजिमको मापदण्ड पूरा गर्न नसक्ने जलउपभोक्ता संस्थालाई साविककै हैसियतमा कामकाज गर्ने गरी गाउँपालिकाले व्यवस्था गर्नेछ ।

**११. खानेपानी तथा सिंचाई शुल्क निर्धारणः** गाउँपालिकाले दफा १० बमोजिम खानेपानीको महसुल निर्धारण एवं गाउँपालिकाबाट निर्माण तथा संचालन वा गाउँपालिकालाई हस्तान्तरण भई आएका खानेपानी तथा सिंचाई योजनाको महसूल निर्धारण गर्नकोलागि देहायका सदस्यहरु भएको महसूल निर्धारण समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका प्रमुख | संयोजक |
| (ख) उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) स्थानीय जलउपभोक्ता संस्थाहरुको प्रतिनिधि | सदस्य |
| (ङ) गाउँपालिकाको पूर्वाधार शाखा प्रमुख | सदस्य |
| (च) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (छ) गाउँपालिकाको खानेपानी वा जलश्रोत शाखा प्रमुख | सदस्य सचिव |

## परिच्छेद ५
## पूर्वाधार आयोजना निर्माण सञ्चालन तथा व्यवस्थापन सम्वन्धी व्यवस्था

**१२. पूर्वाधार योजना तर्जुमाः** (१) गाउँपालिका वा कुनै संघ संस्था वा गैरसरकारी संस्था वा निकायले योजना तर्जुमा गरी गाउँसभाबाट पारित नगराई गाउँपालिकाको क्षेत्रभित्र सामुदायीक वा सार्वजनिक प्रयोजनकोलागि कुनै पनि पूर्वाधार निर्माण सञ्चालन र मर्मत सम्वन्धि योजना परियोजना तथा कार्यक्रमहरु सञ्चालन तथा कार्यान्वयन गर्न सकिने छैन् ।
(२) पूर्वाधार योजना तर्जुमाका क्रममा देहाय बमोजिमका कुराहरु उल्लेख गरी आयोजनाको विवरण तयार गर्नु पर्नेछ ।



प्रदीप राई
गाउँपालिका अध्यक्ष

(क) आयोजनाको लक्ष्य
(ख) आयोजनाबाट लाभान्वित संख्या र लाभको किसिम
(ग) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च र श्रोत
(घ) उपभोक्ताबाट प्राप्त हुन सक्ने नगद वस्तुगत श्रम तथा अन्य योगदान
(ङ) मर्मत सम्भार खर्च तथा अन्य सेवा शुल्क
(च) निर्माण सञ्चालन तथा व्यवस्थापनका स्वरुप
(छ) आयोजनाको दिगोपनको योजना ।

**१३. लागत अनुमान तयार गर्नु पर्नेः** (१) गाउँपालिकाले जुनसुकै सार्वजनिक निर्माण मर्मतसुधार कार्यकोलागि बजेट विनियोजन गर्नु पूर्व प्राविधिक अध्ययन तथा सर्वेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारीबाट स्वीकृत गराएत मात्र कार्य गर्नु गराउनु पर्नेछ ।

**१४. पूर्वाधार आयोजना निर्माण सञ्चालन तथा व्यवस्थापनः** (१) गाउँपालिकाभित्र निर्माण तथा व्यवस्थापन गरिने कामको निर्माण, सञ्चालन तथा व्यवस्थापनका प्रकृयाहरु प्रचलित कानून तथा गाउँपालिकाबाट तोकीए बमोजिम सञ्चालन गर्नु पर्नेछ ।

**१५. उपभोक्ता समिति मार्फत गर्न सकिनेः** (१) गाउँपालिकाका भित्र उपभोक्ता समिति मार्फत सञ्चालन गरिने विकास निर्माणका कार्य गराउदा सम्वन्धित लाभान्वित उपभोक्ताहरुको संलग्नतामा गाउँपालिकाको उपभोक्ता समिति गठन सम्बन्धी कार्यविधि बमोजिमको प्रकृयाबाट तोकिए बमोजिमको रकम सम्मको कार्य उपभोक्ता समिति मार्फत गर्न सकिनेछ ।

## परिच्छेद ६
## पूर्वाधार अनुगमन तथा मूल्याङ्कन सम्वन्धी व्यवस्था

**१६. पूर्वाधार सुपरीवेक्षण तथा अनुगमन समितिको गठनः** (१) गाउँपालिका क्षेत्रभित्र नेपाल सरकार प्रदेश, सरकार र कुनै संघ संस्था वा गैरसरकारी संघ संस्थाको कार्यक्रम अन्तर्गत निर्माण हुने आयोजना तथा गाउँपालिकाको तर्फबाट निर्माण गर्ने पूर्वाधार निर्माण एवं मर्मत सम्भार सम्वन्धी कार्यहरुको गुणस्तर र समयवद्ध प्रगति अनुगमन गर्नकोलागि देहाय बमोजिमको गाउँपालिका स्तरिय पूर्वाधार सुपरीवेक्षण तथा अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| (क) गाउँपालिका उपाध्यक्ष | संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ग) पूर्वाधार विकास समितिको संयोजक | सदस्य |
| (घ) पूर्वाधारको निर्माण कार्य हुने वडाको वडाध्यक्ष | सदस्य |
| (ङ) गाउँपालिका प्रमुखले तोकेको एकजना कार्यापालिकाको सदस्य | सदस्य |
| (च) प्राविधिक शाखा प्रमुख | सदस्य |
| (छ) योजना शाखा प्रमुख | सदस्य सचिव |

**१७. समितिको बैठक र निर्णयः** (१) समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(२) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(३) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८. पूर्वाधार सुपरीवेक्षण तथा अनुगमन समितिको काम कर्तव्य र अधिकारः** (१) पूर्वाधार सुपरीवेक्षण तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र कार्ययोजना तालिका प्राप्त गरी सो बमोजिम निर्माण व्यवसायी तथा उपभोक्ता समितिलाई आवश्यक निर्देशन दिने,

(ख) संघिय तथा प्रदेश स्तरिय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थावारे अनुगमन गरी गाउँपालिकामा सुझाव दिने,

(ग) गाउँपालिका आफैले सञ्चालन गरेका पूर्वाधारहरुको निर्माण सम्पन्न भएपछि निर्माण व्यवसायी वा उपभोक्ता समिति मार्फत कार्यान्वियन भएका योजना तथा कार्यक्रमहरुको फरफारक तथा कार्यको अन्तिम भुक्तानीकोलागि सुपरीवेक्षण तथा अनुगमन गरी भुक्तानीको लागि सिफारिस गर्ने,

(घ) गाउँपालिका क्षेत्रभित्र निर्माण भईरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तर्गतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको वा निर्माण व्यवसायीको लापरवाहीको कारण निर्धारित समय भित्र कार्ययोजना बमोजिम प्रगति नदेखिएमा प्रतिवेदन साथ सम्वन्धित निकायमा कारवाहीको लागि सिफारिस गर्ने,

(ङ) गाउपालिकाबाट स्वीकृत भई निर्माण व्यवसायी वा उपभोक्ता समितिबाट सञ्चालन भएका आयोजनाहरुको निर्माण कार्य स्वीकृत मापदण्ड विपरित र गुणस्तर कायम नभएको पाईएमा उपभोक्ता समितिका पदाधिकारीलाई गाउँपालिकाबाट भविश्यमा सञ्चालन हुने आयोजनहरुको कार्य गर्न नदिने र निर्माण व्यवसायीलाई गाउँपालिकाबाट सञ्चालन हुने आयोजनाहरुमा प्रतिस्पर्धामा सहभागि हुन नदिनका लागि गाउँपालिकामा सिफारिस गर्ने ।

**१९. कालो सूचिमा राखेः** (१) गाउँपालिकाले देहायको अवस्थामा गाउँपालिकाबाट सञ्चालन गरिने सवै प्रकारका निर्माण कार्यहरुमा भविश्यमा प्रतिस्पर्धा र सहभागि हुन नपाउने गरी निर्माण व्यवसायी र उपभोक्ता समितिका पदाधिकारीलाई कालो सूचिमा राख्न सक्नेछ ।

(क) नैतिक पतन हुने फौजदारी कसुरमा अदालतबाट दोषि ठहर भएमा,

(ख) पूर्वाधार निर्माणकोलागि छनौट भई कार्य गर्न सम्झौता गरेर ३ महिना सम्म काम सुरु नगरेमा

(ग) सम्झौता अनुरुपको मापदण्ड र गुणस्तर बमोजिमको काम नभएमा र सम्झौता अनुरुपको दायीत्वपुरा नगरेमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई वा नक्कली कागजात पेश गरी सम्झौता गरेको प्रमाणीत हुन आएमा,

(ङ) डर त्रास वा धाक धम्की दिई वा अनुचित प्रभावमा पारी खरिद प्रकृया आफू अनुकुल बनाएमा वा वनाउन लगाएमा,

(च) अन्य प्रचलित सार्वजनिक खरिद कानून विपरित कार्य गरेको पाईएमा,

(२) उपदफा (१) बमोजिम कालो सूचिमा राख्दा कसूरको गाम्भिर्यताको आधारमा गाउँपालिकाले कालो सूचिमा राख्ने समयावधि तोक्न सक्नेछ ।

**२०. प्राविधिक मूल्याङ्कन गर्नुपर्नेः** (१) गाउँपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्याङ्कन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशाला र साधनको व्यवस्थापन गाउँपालिकाले गर्नेछ ।

(३) झुट्टा प्राविधिक लागत अनुमान तयार गर्ने नापजाँच गर्ने मूल्याङ्कन गर्ने सिफारिस गर्ने प्राविधिक कर्मचारीलाई भएको क्षेतिको प्राविधिक जाँच गराई हानी नोक्सानी भएको ठहरेमा विभागिय कारवाही गर्नुको साथै हानी नोक्सानी भएको रकम असुल उपर गरिनेछ ।

## परिच्छेद ७

## सार्वजनिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

**२१ निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्नेः** (१) यस ऐन बमोजिम गाउँपालिकाले नेपाल सरकार, प्रदेश सरकार, कुनै व्यक्ति, स्थानीय निर्माण व्यवसायी संस्था वा कम्पनीसँग खानेपानी, विद्युत, सडक, सरसफाई, शिक्षा, स्वास्थ्य लगाएतका पूर्वाधारसँग सम्बन्धित संरचना वा पूर्वाधार निर्माण सञ्चालन तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारीमा कार्य गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको लागि गाउँपालिकाले पूर्वाधारको अवस्था आवश्यकता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्बन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाड गर्ने गरी निश्चित अवधिकोलागि सम्झौता गरी कार्य गर्न सक्नेछ ।

(क) सञ्चालन तथा व्यवस्थापनः अधिकतम ५ वर्षको लागि,

(ख) निर्माण सञ्चालन तथा हस्तान्तरण ७ वर्ष देखि१५ वर्ष सम्मको लागि,

(ग) निर्माण स्वामित्वकरण सञ्चालन तथा हस्तान्तरणः १५ वर्ष देखि २० वर्ष सम्मको लागि,

(घ) लिज वा कन्सेसनः सम्झौतामा तोकिए बमोजिम,

**२२. प्रस्ताव आव्हान गर्न सक्नेः** (१) गाउँपालिकाले पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनका लागि आशयपत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश गर्न चाहाने व्यक्ति संस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्नेछ ।

(क) निर्माण गर्नु पर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण,

(ख) अनुमानित लागत,

(ग) वित्तिय श्रोत,

(घ) वातावरणीय अध्ययन प्रतिवेदन आवश्यक भएको अवस्थामा,

(ङ) कार्यान्वयनको विवरण,

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यूनीकरण गर्ने प्रस्तावित उपायहरु,

(छ) परियोजनाको नक्सा तथा ड्रईङ्ग डिजाईन सहितको विस्तृत आयोजना प्रतिवेदन,

(ज) प्रस्तावित शुल्क र करार अवधि,



प्रदीप राई
... अध्यक्ष

**२३. प्रस्ताव छनौट र सम्झौताः** (१) प्राप्त भएका प्रस्ताव उपर गाउँपालिकाको छनौट समितिले देहायका आधारमा मूल्याङ्कन गरी प्रस्ताव छनौटको लागि गाउपालिकामा सिफारिस गर्नेछ ।

(क) पूर्वाधारबाट उपलब्धहुने सुविधाको गुणस्तर,

(ख) प्रस्तावित निजी लगानी,

(ग) सेवाशुल्क र रोयल्टी रकम,

(घ) लिज अवधि,

(ङ) प्रविधिको नयाँपन स्थानीय रोजगारीको अवसर वृद्धि आदी ।

(२) उपदफा (१) बमोजिमको आधारबाट उपयुक्त देखिएको प्रस्तावलाई गाउँपालिकाले साझेदारी सम्झौता गर्नेछ ।

(३) साझेदारी सम्वन्धि अन्य व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

**२४. सञ्चालन तथा व्यवस्थापनः** (१) सम्झौता अवधिभर पूर्वाधार संरचनाको सञ्चालन तथा व्यवस्थापनको दायीत्व सम्वन्धित साझेदारको हुनेछ ।

(२) साझेदारसँग भएको मूल सम्झौतामा आवश्यकता र औचित्यताको आधारमा दुवै पक्षले आवश्यक परिमार्जन गर्न सक्नेछ।

## परिच्छेद ८

## वातावरण भूसंरक्षण तथा वैकल्पिक उर्जा

**२५. वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धी व्यवस्थाः** (१) गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण कार्य वा आयोजना कार्यान्वयन गर्ने सरकारी, अर्धसरकारी, गैर सरकारी, समुदायमा आधारित संघसंस्था र व्यक्ति वा कम्पनीले गाउँपालिका भित्र सञ्चालन गर्ने योजना, कार्यक्रम तथा आयोजना संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन, प्रतिवेदन तयार गरी गाउँपालिकाबाट स्वीकृत गराई सञ्चालन गर्नु पर्नेछ ।

(२) वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धि कार्य गर्दा गाउँपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, संक्षिप्त वातावरणीय अध्ययन वा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी अध्ययन कार्यविधि बमोजिम हुनेछ ।

**२६. वैकल्पिक उर्जालाई प्रोत्साहनः** (१) गाउँपालिकाले पूर्वाधार सेवा सुविधाको निर्माण तथा वितरमा वैकल्पिक उर्जालाई प्रोत्साहान गर्नेछ ।

(२) कसैले निजी घर संस्था वा निकायमा सोलार बायोग्यास सुधारिएको चुल्हो लगाएतका बैकल्पिक उर्जा जडान गर्नु अघि वडा कार्यालय मार्फत गाउँपालिकामा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराएमा गाउँपालिका प्रदेश वा संघिय सरकारबाट पाउने अनुदान सहयोग दिईनेछैन् ।

(३) वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्ने अन्य व्यवस्था र सो सम्वन्धि मापदण्ड र कार्यविधि तोकिए बमोजिम हुनेछ ।



प्रदीप रहि
गाउँपालिका अध्यक्ष

**२७. भूक्षय नियन्त्रण सम्वन्धि कार्य:** (१) गाउँपालिकाले भूक्षय भएको सार्वजनिक पाखो खोला किनारा वा सडक किनारामा भूक्षय नियन्त्रणका लागि वृक्षारोपण लगाएतका अन्य आवश्यक कार्य गर्न स्थानीय समूदाय वा टोल विकास संस्थालाई अनुमति दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्न सम्वन्धित क्षेत्रका समूदाय वा टोल विकास संस्थाले स्थान तोकी गाउँपालिका समक्ष निवेदन दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्थान तोक्दा व्यक्तिले चर्चेको जमीन वा अन्य सार्वजनिक आवागमनमा बाधा पुर्याउने खालको जमीनको सिफारिस गर्न पाउने छैन् ।

(४) उपदफा २ बमोजिमको स्थान उपयुक्त देखिएमा गाउँपालिकाले समयावधि किटान गरी त्यस्तो स्थानमा वृक्षारोपण गरी विकास गर्नको लागि अनुमति दिन सक्नेछ ।

(५) समयावधि समाप्त भए पश्चात गाउँपालिकाले त्यस्तो सार्वजनिक क्षेत्रको व्यवस्थापन तोके बमोजिम हुनेछ ।

**२८. फोहोरमैला तथा फोहोरपानी व्यवस्थापनः** (१) गाउँपालिकाले गाउँपालिकाको बजार क्षेत्र भित्र उत्सर्जन हुने ठोस तथा तरल फोहोरको यथोचित व्यवस्थापनको लागि व्यवस्थित कार्य योजना बनाई कार्य गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फोहरमैला व्यवस्थापन गर्ने प्रयोजनकोलागि गाउँपालिकाले अन्य स्थानीयतहसँग समन्वय गरी गर्न सक्नेछ ।

(३) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि उपदफा (१) र (२) बमोजिमको कार्य गर्न दुई वा दुई भन्दा वढी स्थानीय तहवीच सहमति भएमा सहमतिको ढाँचा बनाई साझेदारीमा काम गर्न सक्नेछ ।

## परिच्छेद ९

## जलश्रोतको संरक्षण र उपयोग

**२९. जलश्रोतको उपयोगः** (१) गाउँपालिकाको क्षेत्रभित्र रहेको प्राकृतिक श्रोत र पानीको मूल तथा पानीको जुनसुकै श्रोतमा कसैको निजी स्वामीत्व हुने छैन् । कसैले पनि यस्तो श्रोतको एकलौटी प्रयोग गर्न पाउने छैन् ।

(२) उपदफा (१) बमोजिमको मूल वा अन्य श्रोतबाट प्राप्त पानी आफूलाई चाहिने बाहेक सार्वजनिक प्रयोगको लागि कसैले बन्देज लगाउन पाउने छैन् ।

(३) यस दफा बमोजिम सार्वजनिक प्रयोजनको लागि जलश्रोतको उपयोग गर्दा परम्परादेखि निजले प्रयोग गरी आएको जमिनको उपयोगलाई प्रतिकुल प्रभाव पर्ने गरी प्रयोग गर्न सकिनेछैन् ।

(४) गाउँपालिका भित्र रहेको भूमिगत वा सतही जलश्रोतको अनधिकृत प्रयोगलाई बन्देज गरी सो को संरक्षण गर्ने दायीत्व र कर्तव्य गाउँपालिकाको हुनेछ ।

(५) जलश्रोतको प्रयोग गर्दा देहाय बमोजिमको उपयोगको लागि प्राथमिकता दिई प्रयोग गरिनेछ ।

(क) पिउने पानी, निजी वा पारिवारिक सरसफाई,

(ख) सिँचाई,

(ग) पानी घट्ट, औद्योगिक वा निर्माण प्रयोजन,

(घ) जलविद्युत,

(ङ) जल पर्यटन,

(च) माछापालन,

(छ) जलश्रोत सम्वन्धि अन्य कार्य,

(६) गाउँपालिका क्षेत्रभित्र रहेको पानीको मुहान वा श्रोतको समुचित उपयोग गर्ने अधिकार गाउँपालिकालाई हुनेछ । मुहान सम्वन्धि विवादको अन्तिम निर्णय गर्ने अधिकार गाउँपालिकामा निहित रहनेछ ।

**३०. अनुमति लिनु पर्नेः** कसैले पनि व्यक्तिगत प्रयोजनकोलागि बाहेक यस ऐन बमोजिम अनुमति नलिई जलश्रोतको उपयोग सम्बन्धि देहाय बमोजिमको कार्य गर्न गराउन पाउने छैन् ।

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामूहिक रुपमा जग्गामा सिचाई गर्न,

(ग) व्यवसायीक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसायीकरुपमा लघु जलविद्युत पानी घट्ट सञ्चालन गर्न,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्न,

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायीक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न गाउँपालिकाको अनुमति लिनु पर्छ । यस्तो अनुमति सम्वन्धि व्यवस्था गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति आवश्यक परेमा सामुदायीक उपयोगको लागि उपभोक्ता संस्था मार्फत र व्यवसायीक उपयोगकोलागि दर्तावाला कम्पनीले गाउँपालिकामा तोकिए बमोजिमको विवरण सहित निवेदन दिनु पर्दछ ।

(४) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल सरकार वा प्रदेश सरकारको जलश्रोत उपयोग सम्वन्धि राष्ट्रिय तथा प्रादेशिक प्राथमिकता प्राप्त आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुर्याएको मानिने छैन् ।

**३१. पानी सिंचाई जस्ता जलश्रोतको सामूदाइीक लाभ र व्यवस्थापनः** (१) गाउँपालिकाको क्षेत्रभित्र खानेपानी सिँचाई पानी घट्ट लघुजलबिद्युत र ताल पोखरीकोलागि जलश्रोत उपयोग गर्न परेमा सम्वन्धित क्षेत्रका उपभोक्ताहरु मिलि जलउपभोक्ता संस्थाको गठन गरेर गाउँपालिकासँग अनुमति लिएर मात्र निर्माण र सञ्चालन गर्नु पर्नेछ ।

(२) यस ऐन लागू हुनु अघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको जलश्रोतलाई यो ऐन लागु भएको एक वर्ष भित्र गाउँपालिकामा दर्ता गराउनु पर्नेछ ।

**३२. जल उपभोक्ता संस्थाको गठनः** (१) यस दफा बमोजिम गठन हुने उपभोक्ता संस्थामा ९ देखि १५ जना सदस्यहरु रहनेछन् । उपभोक्ता समितिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व हुनु पर्नेछ ।

(२) जलउपभोक्ता संस्था गठन गर्न चाहाने समूहले देहाय बमोजिमको विवरण सहित गाउँपालिकाको कार्यालयमा अनुमतिकोलागि निवेदन गर्नु पर्नेछ ।

(क) उपभोक्ता संस्थाको विधान

(ख) मुहान दर्ता भएको भए दर्ताको प्रमाण पत्र र नभएमा श्रोतको विवरण
(ग) सेवा श्रेत्र र लाभान्वित जनसंख्या
(घ) परियोजना विकासकोलागि आवश्यक बजेट र प्राप्त हुने श्रोत
(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक र बातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर आवश्यक जाँचबुझ गरी गाउँपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ ।

(४) उपभोक्ता संस्था अविच्छिन्न उत्तराधिकारवाला संस्था हुनेछ ।

**३३. जलश्रोतको व्यवसायीक उपयोगको लागि अनुमति लिनु पर्नेः** (१) औद्योगिक प्रयोजन, जल मनोरञ्जन, १ मेघावाटसम्मको जलविद्युत आयोजना लगाएतका जलश्रोतको व्यवसायीक उपयोगको लागि सो को उपयोग गर्ने प्रोप्राईटर कम्पनी वा संस्थाले गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एक मेघावाटसम्मको जलविद्युत उत्पादन गर्नु परेमा देहाएका विवरणहरु खुलाई गाउँपालिकामा निवेदन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम परेको आवेदनमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी जलश्रोतको परिणाम, उपयोग अनुमतिको अवधि र बातावरणीय जोखिम न्यूनीकरणका शर्तहरु तोकी अनुमति प्रदान गर्न सक्नेछ ।

(४) यो ऐन लागु हुनु भन्दा अगावै जलश्रोतको उपयोग गरी रहेका प्रोपाईटर वा संस्थाले यो ऐन प्रारम्भ भएको मितिले एक वर्ष भित्र आवश्यक विवरण सहित गाउँपालिकामा निवेदन गरी अनुमति लिनु पर्नेछ ।

(५) अनुमति प्राप्त व्यक्ति वा संस्थालर् जलश्रोत् उपयोग वापत गाउँपालिका वा प्रदेश सरकारलाई कानून वमोजिम तोकिएको शुल्क बुझाउनु पर्नेछ ।

(६) अनुमति प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्रि गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा गाउँपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि तोकिए बमोजिमको निवेदन गरी स्वीकृत लिई विक्रि वा हस्तान्तरण गर्नु पर्नेछ ।

## परिच्छेद १०

## बजार व्यवस्थापन सम्वन्धि

**३४. बजार व्यवस्थापन सम्वन्धि कार्यः** (१) कसैले पनि गाउँपालिकाको बजार क्षेत्रभित्र तोकिएको स्थानमा बाहेक अन्यन्त्र सवारी साधन पार्किङ गर्न पाउनेछैन् ।

(२) यो ऐन प्रारम्भ भए पश्चात बन्ने व्यवसायीक सपिङ मल तथा होटेल तथा कुनै पनि व्यवसाय सञ्चालन गर्नेले सडकको क्षेत्राधिकार बाहिर मात्र सवारी साधन पार्किङ गराउने भूमिगत पार्किङ स्थल वा अन्य छुट्टै पार्किङ स्थलको व्यवस्था गर्नु पर्नेछ ।

(३) गाउँपालिकाले आफ्नो बजार क्षेत्र भित्र शशुल्क पार्किङ क्षेत्रको व्यवस्था गर्न सक्नेछ ।

(४) गाउँपालिकाको बजार क्षेत्रभित्र कुनै पनि सवारी साधनले हर्न बजाउन पाउने छैन् ।

(५) गाउँपालिकाको बजार क्षेत्र भित्र तोकिएको गति भन्दा बढी गतिमा सवारी साधन चलाउन पाईने छैन्

(६) गाउँपालिकाको बजार क्षेत्र भित्र छाडा पशुपन्छी छोडन पाईने छैन् ।



प्रदीप राई

**३५. सार्वजनिक स्थलमा धुमपान गर्न निषेधः** (१) कसैले पनि गाउँपालिकाको बजार क्षेत्र भित्रको सार्वजनिक स्थल कार्यालय हाताभित्र विद्यालय क्षेत्रभित्र सार्वजनिक स्थलमा धुमपान गर्न पाईनेछैन् ।

(२) धुमपान उपलव्ध गराउने होटेल व्यवसायी बेचविखन गर्ने व्यवसायीले धुमपान सेवनकोलागि अरुलाई असर नपुग्ने गरी छुट्टै स्थानको व्यवस्था मिलाउनु पर्नेछ ।

(३) गाउँपालिकाको बजारक्षेत्रभित्र तोकिएको स्थल र समय भन्दा बाहेक मदिराजन्य सामग्रीको विक्रि वितरण तथा प्रयोग गर्न पाईने छैन् ।

**३६ जथाभावी विज्ञापनजन्य साईनवोर्ड र सामग्री राख्न नपाईनेः** (१) गाउँपालिकाको क्षेत्रभित्र गाउँपालिकाको अनुमति बेगर जथाभावी विज्ञापनजन्य साईनवोर्ड वा सामग्री राख्न पाईनेछैन् ।

(२) उपदफा (१) बमोज़िम अनुमति लिई साईनवोर्ड फ्लेक्स प्रिन्ट डिस्प्ले वोर्ड वा अन्य विज्ञापनजन्य सामग्री राख्नु पर्दा वढीमा आफ्नो व्यवसाय गर्ने सटर वा पसल कवलको वारपार वढीमा तीनफिट चौंडाई र पाँच फिट लम्वाई सम्म भएको राख्न पाईनेछ ।

(३) उपदफा २ मा उल्लेख भएको भन्दा ठूलो साईजको विज्ञापनजन्य सामग्री राख्नु पर्ने प्रर्याप्त आधार र कारण भएमा गाउँपालिकाको अनुमती लिई तोकिए बमोजिमको शुल्क तिरेर मात्र राख्न सकिनेछ ।

(४) गाउँपालिकाको अनुमति बेगर व्यवसायीक प्रयोजनको लागि सेवा केन्द्र वा काउन्टर राख्न पाईनेछैन् ।

## परिच्छेद ११

## कसुर र दण्ड सजाय

**३७. कसुर गरेको मानिनेः (१)** कसैले दफा ४ को उपदफा (१) दफा ५, ९, २९, ३३, ३४, ३५ र ३६ विपरितको कार्य गरेमा यस ऐन अन्तर्गतको कसुर गरेको मानिनेछ ।

(२) उपदफा (१) विपरितको कसुर कसैले गरेको पाईएमा गाउँपालिका प्रमुखले त्यस्तो कार्यको प्रकृति र गाम्भिर्यताको आधारमा दफा ३८ बमोजिम दण्ड जरिवाना गर्न सक्नेछ ।

**३८. दण्ड सजायः** (१) दफा ४ को उपदफा (१) बमोजिम फासल सेड व्याक छोड्नु पर्नेमा नछोडी बनाईएकोमा अध्यक्षले तुरुन्त रोक्का राख्न आदेश दिन सक्नेछ र सो आदेशको पालना नगरेमा अध्यक्षले रु पाँचहजार देखि पन्ध्र हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(२) दफा ५ बमोजिम सडकको क्षेत्राधिकार र फासल नछोडी र स्वीकृत नक्सा भन्दा फरक पारी तला छत भर्याङ बलेसि सटर आदी समेतको संरचना निर्माण गरेमा त्यस्तो अनधिकृत निर्माणलाई जुनसुकै बखत भत्काउन आदेश दिन सक्नेछ सो आदेश पालना नगरेमा रु पाँचहजार देखी रु विस हजार सम्म जरीवाना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम जरीवाना गर्दा पनि आदेशलाई अटेर गरी नभत्काएमा प्रमुखले भत्काई हटाउन लागेको खर्चमा दश प्रतिशत थप जरीवाना गरी सम्वन्धित व्यक्ति संस्था वा निकायबाट असूर उपर गराउन सक्नेछ ।

(४) दफा (९) को उपदफा (१) को खण्ड (क) बमोजिम नक्सा पास नगरी कच्ची वा पक्कि तथा अस्थायी वा स्थायी कुनै प्रकारको संरचना बनाईएकोमा अध्यक्षले तुरुन्त रोक्का गर्न आदेश दिर्न सक्नेछ । सो आदेशको पालना नगर्नेलाई रु पाँचहजार देखि पन्ध्रहजार सम्म जरिवाना गर्न सक्नेछ ।



प्रदीप राई
अध्यक्ष

(५) दफा ९ को उपदफा (१) को खण्ड (ग) बमोजिम मूलसड बाट शाखा सडक खोल्दा पानीको निकास वा नाला अवरोध गरेमा वा बनाईएको पाईएमा अध्यक्षले रोक्का राख्ने आदेश दिन सक्नेछ र आदेश पालना नभएमा रु पाँचहजार देखि दश हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(६) दफा (९) को उपदफा (१) को खण्ड (घ) बमोजिम कार्यालयबाट स्वीकृति नलिई कुनै पनि बाटोको ट्रयाक बनाएमा रोक्का राख्न आदेश दिन सक्नेछ । आदेशको पालना नभएमा रु दशहजार देखि पच्चिस हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(७) दफा (९) को उपदफा (१) को खण्ड (ङ) बमोजिम कार्यालयको स्वीकृत बेगर सार्वजनिक स्थलमा कुनै प्रकारको संरचना निर्माण गरेमा रोक्का राख्न आदेश दिन सक्नेछ । आदेशको पालना नभएमा रु दशहजार देखि पच्चिस हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(८) दफा ९ को उपदफा (१) को खण्ड (च) बमोजिम कार्यालयको अनुमति नलिई पक्कि सडक र ग्राभेल सडकको दायाँबाया घडेरी निर्माण गरेमा वा अन्य जुनुकै प्रयोजनको लागि जग्गा खारेमा वा सम्याउन पाईने छैन् सो गरेमा रु दशहजार देखि पच्चिस हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(९) दफा ९ को उपदफा (१) को खण्ड (छ) बमोजिम आफ्नो घर कम्पाउण्ड पसल वा व्यवसाय अगाडी सार्वजनिक जग्गा वा बाटोको क्षेत्राधिकार रहेको क्षेत्र वा सार्वजनिक स्थलमा कुनै प्रकारको निर्माण सामग्री वा व्यवसायीक वा अन्य जुनसुकै प्रकृतिका सामग्री राख्न पाईनेछैन् । यदि कसैले राखेमा आदेशको पालना नभएमा रु पाँहजार देखि दश हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(१०) दफा ९ को उपदफा (१) को खण्ड (ज) बमोजिम सार्वजनिक जग्गा अतिक्रमण गरी कुनै संरचना बनाएमा रु बिस हजार देखि पचास हजार सम्म जरिवाना गरी त्यस्तो संरचना भत्काउन लगाईनेछ । यदि कसैले आदेशको पालना नगरेमा भत्काउदा लागेको खर्च सहित सम्वन्धित सरोकारवालाबाट असुल उपर गरी गाउँपालिका आफैले भत्काउन सक्नेछ ।

(११) दफा ९ को उपदफा (१) को खण्ड (झ) बमोजिम कार्यालयबाट अनुमति नलिई खोला खोल्सि वा सडकको किनारा छेउबाट ढुङ्गा गिट्टी बालुवा उत्खनन गर्न पाईने छैन् यदि कैसैले गरेमा रु पच्चिस हजार देखि पचास हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(१२) दफा ९ को उपदफा (१) को खण्ड (ञ) बमोजिम मानिसलाई आवत जावत गर्न जोखिम हुने वा नोक्सान पुग्ने गरी सार्वजनिक वा निजी जग्गामा रहेको बोट विरुवा कटान गर्न हुदैन साथै जोखिमयुक्त संरचना सम्वन्धित व्यक्ति संघ संस्था वा निकायले हटाउनु पर्दछ । सो नगरेमा पाँचहजार देखि दश हजार सम्म जरिवाना गर्न सक्नेछ ।

(१३) दफा ९ को उपदफा (१) को खण्ड (ठ) बमोजिम सडकमा बनेको स्थायी संरचनाको स्वरुपलाई परिवर्तन गर्ने गरी ढल नाली निर्माण गर्न वा अन्य कुनै कार्य गरेमा सो कार्य रोकी रु पाँचहजार देखि बिसहजार सम्म जरिवान गरी पूर्वअवस्थामा ल्याउन लगाईने छ । नोक्सान पूर्वको अवस्थामा नल्याएमा सो बनाउन लाग्ने रकम सहित विस प्रतिशत थप गरी जरिवाना समेत गरिनेछ ।

(१४) दफा ९ को उपदफा (१) को खण्ड (ड) बमोजिम भौगोलिक सर्वेक्षण गरी गर्नु पर्ने गरी कार्य नगरी संञ्चालन गरेमा रु पाचहजार देखि रु दश हजार सम्म जरीवाना हुनेछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

(१५) दफा २९ को उपदफा (१) बमोजिम गाउँपालिका क्षेत्रभित्र रहेको प्राकृतिक श्रोत र पानीको मूल तथा पानीको जुनसुकै श्रोत एकलौटी प्रयोग गर्ने व्यक्ति संस्था वा निकायलाई पहिलोपटक भए सचेत गराउने र सो पश्चात पटकै पिच्छे सोही कार्य गरेमा रु १० दशहजार देखि विसहजार सम्म जरिवाना गर्न सक्नेछ ।

(१६) दफा २९ को उपदफा (१) बमोजिम गाउँपालिका क्षेत्रभित्र रहेको प्राकृतिक श्रोत र पानीको मूल तथा पानीको जुकसुकै श्रोत सार्वजनिक प्रयोगका लागि बन्देज गरेमा पहिलो पटक गरेको भए सचेत गराउने र सचेत गराउदा समेत अटेर गरेमा रु दश हजार देखि विसहजार सम्म जरिवाना हुनेछ ।

(१७) दफा ३० बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक जलश्रोतको उपयोग गरेमा प्रमुखले त्यस्तो कार्य तुरुन्त रोक्का राख्नु पर्नेछ । सो आदेशको पालना नगरेमा रु दशहजार देखि विस हजार सम्म जरिवाना हुनेछ ।

(१८) दफा ३४ को उपदफा (१) बमोजिम कसैले गाउँपालिकाको बजार श्रेत्रभित्र तोकिएको स्थान बाहेक अन्यत्र पार्किङ गरेमा पहिलो पटक भए रु पाँचसय र सो पश्चात पटकै पिच्छे रु एक हजार जरिवाना हुनेछ

(१९) दफा ३४ को उपदफा (४) बमोजिम गाउँपालिकाको बजारक्षेत्र भित्र अत्यावश्यक अवस्थामा बाहेक हर्न बजाएमा पटकै पिच्छे रु पाँचसय रुपैया जरिवाना हुनेछ ।

(२०) दफा ३४ को उपदफा (५) बमोजिम गाउँपालिकाको बजार तथा विद्यालय क्षेत्रभित्र तोकिएको गति भन्दा वढी गतिमा सवारी साधन चलाएमा पटकै पिच्छे रु एक हजार जरिवाना हुनेछ ।

(२१) दफा ३४ को उपदफा (६) बमोजिम गाउँपालिकाको बजार क्षेत्र भित्र सार्वजनिक स्थानमा ज़थाभावि पशुपन्छी छोडेमा पहिलोपटक सचेत गराउने र सो पश्चात पनि छाडा छोडेमा रु एक हजार जरिवाना हुनेछ

(२२) दफा ३५ को उपदफा (१) बमोजिम सार्वजनिक स्थलमा धुम्रपान गरेको पाईएमा पहिलो पटक भए रु पाँचसय र सो पश्चात पटकै पिच्छे रु एकहजार जरिवाना हुनेछ ।

(२३) दफा ३५ को उपदफा (३) बमोजिम गाउँपालिका भित्र तोकिएको स्थल र समय भन्दा बाहेक मदिराजन्य सामाग्रीको विक्रि वितरण तथा प्रयोग गरेको पाईएमा एक हजार देखि पाँचहजार सम्म जरिवाना हुनेछ सो कार्य दोहोर्याएर विक्रि वितरण गरेमा रु दश हजार जरिवाना गरी मदिरा विक्रि वितरण गर्न रोक लगाईनेछ ।

(२४) दफा ३६ को उपदफा (१) बमोजिम कसैले गाउँपालिकाले तोकेको मापदण्ड प्रतिकुल विज्ञापनजन्य सामाग्री राखेमा सो हटाउन आदेश दिईनेछ । यसरी दिईएको आदेशलाई अटेर गरी नहटाएमा उक्त सामाग्री हटाउन लागेको खर्च सहित रु दश हजार सम्म जरिवाना गरीनेछ ।

(२५) सडकको भार वहन क्षमता भन्दा बढि भारका सबारी साधन चलाएमा पहिलो भए रु दुई हजार र सो पश्चात पटकै पिच्छे रु पाँच हजार जरिवाना हुनेछ ।

(२५) यस ऐन बमोजिम कारवाही गर्दा समेत अटेर गर्ने व्यक्ति संघ संस्था वा निकायलाई गाउपालिकाबाट उपलब्ध गराउने सेवा सुविधा रोक्का गरिनेछ ।

**३९. पुनरावेदन गर्न सक्नेः** दफा  बमोजिमको सजाय उपर चित्त नबुझेमा सम्वन्धित व्यक्ति संस्था वा निकायले गाउँकार्यपालिकामा पुनरावेदन गर्न सक्नेछ । कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ ।

## विविध

## परिच्छेद १२

४०. **अन्तर स्थानीय तहविच समन्वयः** गाउँपालिका र अन्य स्थानीय तहसँग जोडिने वा सरोकार राखे पूर्वाधार निर्माण तथा मर्मत कार्यका अन्तर स्थानीय तहवीच समन्वय र सहकार्य गरी कार्यान्वयन गर्नु पर्नेछ ।

४१. **गाउँपालिकाले आफ्नो सवारी साधन र निर्माण सामग्री प्रयोग गर्न सक्नेः** गाउँपालिका क्षेत्रभित्र रहेका सडकहरुको निर्माण मर्मत सम्भार विस्तार र स्तरोन्नति तथा पानीको मुहान संरक्षण कुलो नहर खानेपानी संरक्षण र मर्मत सम्भारको लागि गाउँपालिकाले कार्ययोजना बनाई कार्यान्वयन गर्नु पर्नेछ । गाउँपालिकाले आफ्नो निर्माण सामाग्री र सवारी साधन प्रयोग गरी कुनै सार्वजनिक निर्माण वा मर्मत गर्न सक्नेछ ।

४२. **सडक तथा बाटो सम्वन्धि विशेष व्यवस्थाः** गाउँपालिकाको क्षेत्रभित्र परम्परागत रुपमा प्रयोग हुदै आएका चलनचल्तिमा रहेका तर नाप नक्सामा उल्लेख नभएका बाटो तथा गोरेटोहरुलाई आवश्यकता र औचित्यताको आधारमा गाउँपालिकामा कायम गराउन सकिनेछ ।

४३. **प्रचलित कानून बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र यस ऐनमा उल्लेख नभएका अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

४४. **नियम कार्यविधि र मापदण्ड बनाउन सक्नेः** यस ऐनको कार्यान्वयन गर्नकोलागि कार्यपालिकाले आवश्यक नियम कार्यविधि र मापदण्ड बनाउन सक्नेछ ।

प्रदीप राई
गाउँपालिका अध्यक्ष

अनुसूची १

दफा ३ को उपदफा १ र दफा ४ को उपदफा १ तथा दफा ९ को उपदफा ३ सँग सम्वन्धित गाउँपालिका स्तरिय सडकको क्षेत्राधिकार सर्म्बन्धी व्यवस्था

| क स | सडकको प्रारम्भिक र अन्तिम विन्दु | सडकको वर्गिकरण | सम्वन्धित वडाहरु | सडकको अधिकार क्षेत्र (केन्द्र रेखाबाट) | फासल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अनुसूची २

दफा ३ सँग सम्वन्धित

वडास्तरिय सडकहरु

वडा नं १

| क स | सडकको प्रारम्भिक र अन्तिम विन्दु | सडकको वर्गिकरण | सम्वन्धित वडाहरु | सडकको अधिकार क्षेत्र (केन्द्र रेखाबाट) | फासल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

वडा नं २

| क स | सडकको प्रारम्भिक र अन्तिम विन्दु | सडकको वर्गिकरण | सम्वन्धित वडाहरु | सडकको अधिकार क्षेत्र (केन्द्र रेखाबाट) | फासल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रदीप राई
गाउँपालिका अध्यक्ष

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङ
२०७३

डा नं ३

| क स | सडकको प्रारम्भिक र अन्तिम विन्दु | सडकको वर्गिकरण | सम्वन्धित वडाहरु | सडकको अधिकार क्षेत्र (केन्द्र रेखाबाट) | फासल |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

डा नं ४

| क स | सडकको प्रारम्भिक र अन्तिम विन्दु | सडकको वर्गिकरण | सम्वन्धित वडाहरु | सडकको अधिकार क्षेत्र (केन्द्र रेखाबाट) | फासल |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

डा नं ५

| क स | सडकको प्रारम्भिक र अन्तिम विन्दु | सडकको वर्गिकरण | सम्वन्धित वडाहरु | सडकको अधिकार क्षेत्र (केन्द्र रेखाबाट) | फासल |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

डा नं ६

| क स | सडकको प्रारम्भिक र अन्तिम विन्दु | सडकको वर्गिकरण | सम्वन्धित वडाहरु | सडकको अधिकार क्षेत्र (केन्द्र रेखाबाट) | फासल |
| --- | --- | --- | --- | --- | --- |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

डा नं ७

| क स | सडकको प्रारम्भिक र अन्तिम | सडकको | सम्वन्धित | सडकको अधिकार क्षेत्र | फासल |
| --- | --- | --- | --- | --- | --- |



प्रदीप राई

| | विन्दु | वर्गिकरण | वडाहरु | (केन्द्र रेखाबाट) | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

वडा नं ८

| क्र स | सडकको प्रारम्भिक र अन्तिम विन्दु | सडकको वर्गिकरण | सम्वन्धित वडाहरु | सडकको अधिकार क्षेत्र (केन्द्र रेखाबाट) | फासल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

वडा नं ९

| क्र स | सडकको प्रारम्भिक र अन्तिम विन्दु | सडकको वर्गिकरण | सम्वन्धित वडाहरु | सडकको अधिकार क्षेत्र (केन्द्र रेखाबाट) | फासल |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७८ साल असार १० गते बसेको गाउँसभाका बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

(प्रदिप राई)

अध्यक्ष

प्रदीप राई
गाउँपालिका अध्यक्ष

मिति :- २०७८/०३/१०

खोटेहाङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खोटाङबजार, खोटाङ
२०७३